जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २४९ पृष्ठः ४ | २०८२ माघ १२ सोमबार (Monday 26 Jan. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## मुसहर समुदायको चुनावी मागः सुरक्षित आवास र शौचालय



**जीवछ यादव**

लहान, ११ माघ। लहान नगरपालिका-१ र २ मा बसोबास गर्ने करिब तीन सय घरपरिवार मुसहर समुदायले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा सुरक्षित आवास र शौचालय निर्माणको विश्वसनीय प्रतिबद्धता जनाउने दल तथा उम्मेदवारलाई मात्र मतदान गर्ने बताएका छन्। लहान नगरपालिका-१ निवासी सन्तोष सदायले भने, "खुला आकाशमुनि खाना पकाउने चुल्हो अगाडि एक धुर जग्गामा घर बनाउने कि शौचालय ? प्रत्येक चुनावमा सबै दलले सुरक्षित घर बनाइदिने आश्वासन दिए, तर कसैले पूरा गरेनन्। यसपटक विश्वसनीय आधार भएको दल र उम्मेदवारलाई मात्रै मत दिनेछु।"

लहान नगरपालिकामा करिब आठ हजारको संख्यामा रहेको मुसहर समुदायको यही मागलाई दलित अभियन्ता सोनिया सदायले पनि प्राथमिकताका साथ उठाइरहेको छ। उनले भने, "यसपटक मुसहर समुदायको मत मदिरा र पैसामा बिक्री हुँदैन। लहान नगरपालिका-१ मा शीतलहरका बेला मदिरा सेवनका कारण दुई महिनामै आठ जनाको मृत्यु भयो। शिक्षा, स्वास्थ्य, आवास र रोजगारी संवैधानिक हक हुन्, तर कुनै सरकारले यसको ग्यारेन्टी गरेन। अब मत खेर फालिँदैन।" एउटै घरमा पाँच-पाँच जनासम्म सुतेर रात बिताउनुपर्ने बाध्यता रहेको मुसहर समुदाय अब कति पीडा सहिरहने ? गर्मी, जाडो र वर्षामा बस्न सुरक्षित घर नहुँदा उकुसमुकुसमा जीवन बिताउँदै आएको लहान-१ की मनसर सदाय बताए। उनले भने, "यस बस्तीमा ४० वर्ष नपुग्दै मदिरा सेवनकै कारण मृत्यु भइरहेको छ। मुसहर समुदाय ठुलो मानवीय संकटमा छ।"

लहान नगरपालिका-१ मा १३९ र वडा नम्बर २ मा १९७ घरपरिवारमा शौचालय छैन। आठ

-बाँकी दुई पेजमा

राष्ट्रिय सभा निर्वाचन :

## मधेशमा ठाकुर, कर्ण, पासवान र झा विजयी



**अजित तिवारी**

जनकपुर, ११ माघ। चार सिटका लागि मधेश प्रदेशमा भएको राष्ट्रिय सभा निर्वाचनमा कांग्रेस, एमाले र जसपा नेपालको गठबन्धनका उम्मेदवार विजयी भएका छन्। महिला क्लस्टरतर्फ एमालेकी उम्मेदवार रेखा झाले ७ हजार २ सय २२ मत ल्याएर विजयी भएकी छन्। उनको प्रतिद्वन्द्वी नेकपाका उम्मेदवार शमीकुमारी अग्रवालले १ हजार ९ सय ४४ मत ल्याएकी छन्। अल्पसंख्यक क्लस्टरमा कांग्रेसका रंजित कर्ण विजयी भएका छन्। उनले ८ हजार ९३ मत पाएका हुन्। उनका प्रतिद्वन्द्वी नेकपाका रामनन्दन प्रसादले १ हजार ३ सय ६१ मत पाए।

यस्तै, जसपा नेपालका नेता महन्थ

-बाँकी तीन पेजमा

## रास्वपा बारा-३ का क्षेत्रीय उपसभापति उज्यालो नेपाल पार्टी प्रवेश

बारा, ११ माघ। बारा क्षेत्र नं. ३ का राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) क्षेत्रीय उपसभापति रोशन कुमार अधिकारी उज्यालो नेपाल पार्टीमा प्रवेश गरेका छन्। आइतबार पार्टी अध्यक्ष तथा पूर्वमन्त्री कुलमान घिसिङले अधिकारीलाई पार्टीको ब्याच र टोपी लगाइदिँदै औपचारिक रूपमा पार्टीमा स्वागत गरेका हुन्। पार्टी प्रवेश कार्यक्रममा अधिकारीले राष्ट्रिय स्वतन्त्र पार्टीले जनतालाई धोका दिइरहेको आरोप लगाए। उनले उक्त पार्टी जनमुखी नभई धनी वर्गको पक्षमा केन्द्रित पार्टी बनेको दाबी गर्दै जनताको वास्तविक मुद्दा उठाउन नसकेको पनि बताए। साथै सामाजिक सञ्जालबाट मात्रै देश विकास सम्भव नहुने उल्लेख गर्दै व्यवहारिक काम र जनतामाझ गएर राजनीति गर्नुपर्ने आवश्यकता औंल्याए।

उनले उज्यालो नेपाल पार्टी जनतामाझ बसेर, जनतासँगै काम गरेर अघि बढेको पार्टी भएको बताउँदै यही पार्टीमार्फत देशलाई उज्यालो बनाउने अभियानमा सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे। कार्यक्रममा पार्टी अध्यक्ष कुलमान घिसिङले उज्यालो नेपाल पार्टी जनआधारित नेतृत्व र कर्ममा विश्वास गर्ने पार्टी भएको बताउँदै

-बाँकी तीन पेजमा

## सिरहामा ऐलानी जग्गा खाली गर्न जाँदा एकको मृत्यु

सिरहा, ११ माघ। सिरहाको कर्जन्हा नगरपालिका-१०, पर्याकपुर गाउँमा सार्वजनिक जग्गामा बनेको संरचना खाली गराउन प्रहरी पुग्दा एक जनाको मृत्यु भएपछि अवस्था तनावग्रस्त बनेको छ। उक्त ठाउँमा करिब तीन दशकदेखि सो गाउँका अजमुदिन शेखको मृत्यु भएपछि अहिले पूर्व-पश्चिम राजमार्ग अवरुद्ध भएको छ। सो ठाउँको ऐलानी जग्गामा संरचना बन्न लागेपछि आइतबार दिउँसो प्रहरी खाली गराउनका लागि पुगेको थियो।



जिल्ला प्रहरी कार्यालय, सिरहाका डीएसपी रमेश पालका अनुसार, सो ठाउँका एक व्यक्तिले बनाउन लागेको संरचनाले असर पर्ने भन्दै स्थानीयले अदालतमा रिट दायर गरेका थिए। अदालतले पनि सार्वजनिक जग्गामा संरचना बन्न नदिनू भनेर आदेश दिएको थियो। अदालतको आदेश अस्वीकार गरेपछि आफूहरू आइतबार दिउँसो जग्गा संरचनाका लागि पुगेको उनले बताए।

'सार्वजनिक स्थलमा एकजना मान्छेले भौतिक संरचना बनाउँदै गरेको भनेर पटकपटक गुनासो आयो। सरकारी जग्गामा भौतिक संरचना निर्माण गरेपछि आफ्नो घरतिर जाने बाटो छेकिन्छ भन्ने कुरा स्थानीयले अदालतमा मुद्दा हालेका थिए,' डीएसपी पालले भने, 'अदालतले सार्वजनिक जग्गामा भौतिक संरचना निर्माण गर्न नदिनू भनेर आदेश दिएको थियो। आदेश दिएर पनि ती व्यक्तिले नमानेपछि प्रहरीको नाममा अदालतले निर्णय

-बाँकी तीन पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## भूकम्पबाट जोगिन सचेत बनौं

- भूकम्पको समयमा जोगिने उपायको पूर्वाभ्यास गरौं।
- भूकम्पबाट जोगिन पूर्वतयारी गरौं।
- आफ्नो घरको संरचना भूकम्प प्रतिरोधि बनाऔं।
- परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं।
- भूकम्पको समयमा सुरक्षित स्थानमा बसौं।
- आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार राखौं।
- भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## बेलैमा नियन्त्रण नगरे परिणाम भयावह हुन सक्छ

कृत्रिम बौद्धिकता (एआई) प्रविधिको प्रयोग गरेर बनाइने नक्कली दृश्य (भिडियो), श्रव्य (अडियो) वा स्थिर तस्विरजस्ता सामग्रीलाई 'डिपफेक' भनिन्छ। यसरी उत्पादित सञ्चार सामग्री कुनै व्यक्तिको अनुहार वा आवाज अर्कै व्यक्तिको जस्तै देखिने वा सुनिने हुन्छ। अर्थात् डिपफेक आधुनिक मायावी जाल वा 'जालसाजी' हो। यो अत्याधुनिक जालसाजी भ्रामक सूचना फैलाउन, ठगी गर्न, चरित्र हत्या गर्न दुरुपयोग हुने गरेको छ। यद्यपि, डिपफेक प्रमाणित भए त्यो प्रमाण बन्न सक्दैन। मनोरञ्जन वा शिक्षाका निम्ति उपयोगी हुनसक्ने 'डिपफेक' निर्वाचनमा प्रयोग गरेर जनतालाई धोका दिनु पक्कै पनि उचित र नैतिक होइन।

दुर्भाग्य, यस निर्वाचनभन्दा धेरै पहिलेदेखि नै डिपफेकको प्रयोग समाजमा नकारात्मकता बढाउन हुनेगरेको छ। मूलतः प्रतिस्पर्धी राजनीतिक नेतृत्वको चरित्र हत्याका लागि राजनीति गर्नेहरूले नै डिपफेक दुरुपयोग गर्नेगरेका छन्। यसपटकको निर्वाचनमा डिपफेकको प्रयोग झन् बढी र खतरनाकरूपमा हुने लक्षण देखिन थालेको छ। यसै पनि विगतभन्दा यस पटकको प्रतिनिधि सभा निर्वाचन तनावपूर्ण हुँदैगएको छ। विगतमा दलहरू विशेषगरी नेकपा (एमाले) र राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरूको अभिव्यक्ति बढी कटुतापूर्ण ध्वनित हुन्छ। त्यसमाथि डिपफेकको प्रयोग पनि यिनै दलका नेताका विरुद्ध बढी भएको देखिन्छ।


निर्वाचन अभियानमा व्यापक प्रचारप्रसार गरेर बढीभन्दा बढी जनतासम्म पुग्न खोज्नु उचित र आवश्यक दुवै हो। त्यसका लागि दल वा व्यक्ति उमेदवारले पनि उपलब्ध सबै माध्यमको प्रयोग गर्नु पनि स्वाभाविकै हुन्छ। तर, सञ्चार प्रविधि वा उपकरणको दुरुपयोग गरेर अर्को उमेदवारको बदख्याइँ गर्नु अपराध हो। दुर्भाग्य, नेपालमा अहिले यही अपराध बढ्दै गएको देखिएको छ। एकातिर यसरी डिपफेक प्रविधिको दुरुपयोग गरेर निषेध र नकारात्मकता बढाउने दुष्कर्म बढिरहेको छ भने अर्कोतिर नेपालमा 'डिजिटल साक्षरता' एक तिहाइको हाराहारी छ। डिजिटल साक्षर भनिएकैहरू समेत डिपफेकबाट अलमलिन्छन् भने डिपफेकका बारेमा थाहै नपाएकाहरू भ्रमित हुनु अनौठो होइन।

यसरी घृणा बढाउने वा चरित्र हत्या गर्ने भ्रामक सूचनाले मतदातालाई प्रभावित बनायो भने त्यस्तो निर्वाचनलाई स्वच्छ र स्वतन्त्र मान्न सकिँदैन। त्यतिमात्र होइन डिपफेक प्रविधि प्रयोग गरेर गरिएको नाकारात्मक प्रचारबाजीबाट प्रभावित कुनै दल वा नेताको समर्थकले अर्को दलको नेताविरुद्ध सा तिक आक्रमण पनि गर्न सक्छ। त्यसको परिणाम कति भयावह हुनसक्छ भन्ने कल्पना पनि गर्न सकिँदैन। निर्वाचन आचार संहितामा पनि डिपफेकको प्रयोग निषेध गरिएको छ। अर्काको विरुद्ध प्रयोग गरिएका यस्ता जालसाजी अन्ततः आफ्नै विरुद्ध पनि प्रयोग हुनसक्छ। यसैले डिपफेकको प्रयोगलगायत अन्य माध्यमबाट पनि नकारात्मक प्रचार गर्नु व्यक्ति र दल विशेषका लागि मात्र होइन देशकै लागि प्रत्युत्पादक दुर्भाग्य बन्न सक्छ।

यसैले निर्वाचन आयोगले डिपफेकलगायत नकारात्मक प्रचारबाजी रोक्न विशेष ध्यान दिनु जरुरी देखिन्छ। यसका लागि स्वतन्त्र विज्ञहरूलगायत सरकारका सबै संयन्त्रको साथै सामाजिक सञ्जालहरूसँग पनि सहयोग लिन हिचकिचाउनु हुँदैन। यसैगरी आयोगले विधि र निषेध दुवै उपायहरू निर्भीकता र भयरहित भएर प्रयोग गर्नुपर्छ। राजनीतिक दलका नेताहरू आफ्ना शुभेच्छुक, समर्थक र कार्यकर्तालाई कुनै पनि माध्यमबाट नकारात्मक प्रचारमा संलग्न नहुने आह्वान गर्नुपर्छ। आआफ्नो सिद्धान्त र कार्यक्रमको सकारात्मक पक्षको प्रचार प्रसार गरेर मतदाताको मन जितेमात्र वैध जनादेश पाएको मानिन्छ। जालसाजी गरेर त चुनाव जिते पनि नैतिक वैधता प्राप्त हुँदैन।

# गगनको बढ्दो दायित्व र चुनौती

### कांग्रेस त 'रबर'कै निस्क्यो, देउवा दम्पतीलाई चुनावको टिकट नदिँदा पनि पार्टी फुटेन !



गोविन्द अधिकारी

फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन होला नै भनेर बिरलै नेपालीले पत्याएका थिए। एकातिर आन्दोलनकारीले मोबाइल एपबाट छानेको भनिएको सरकारप्रति भरोसा थिएन भने अर्कातिर आफ्नै नजिर लागुगरेर सर्वोच्च अदालतले रिट दर्ता हुनेबित्तिकै विघटन गरिएको प्रतिनिधि सभा पुनःस्थापना गर्छ भन्ने अनुमान धेरैको थियो। तर, कासी, कस्मिर अजब नेपाल। हेर्दाहेर्दै चुनाव होलाजस्तै भइसकेको छ। रिट निवेदकहरू नै चुनावमा उमेदवार भइसकेपछि पुनःस्थापनाको माग नैतिकरूपमा तुहियो। आगे, न्यायालयको मर्जी !

यसबीच नेपाली कांग्रेसमा पनि हेर्दाहेर्दा पत्यारै नलाग्ने परिवर्तन भइहाल्यो। नेपाली कांग्रेसमा पार्टीको विधानअनुरूप विशेष महाधिवेशन गरेर सभापतिलगायत केन्द्रीय समिति नै परिवर्तन होला भनेर पनि धेरैले पत्याएका थिएनन्। (मैले पनि पत्याएको थिइन।) कदाचित्, गगन विश्वले आँट गरिहाले र शेरबहादुर देउवा खुरुक्क माने भने पनि विशेष महाधिवेशनबाट नयाँ सभापतिलगायत केन्द्रीय समिति चुनियो भने तत्कालीन संस्थापन पक्षले स्वीकार गर्नेछैन। त्यस अवस्थामा नेपाली कांग्रेस देउवाकै अगुवाइमा फेरि चिरा पर्छ भन्ने धेरैलाई लागेको थियो।

कांग्रेस त 'रबर'कै निस्क्यो। देउवा दम्पतीलाई चुनावको टिकट नदिँदा पनि पार्टी फुटेन। उनका निकट सहकर्मीहरू जजसले टिकट पाए लिए। पूर्णबहादुर खड्का एक्ला अपवाद बने। यसरी कांग्रेस सिङ्गो र सग्लोरूपमा चुनावमा जाँदा कांग्रेसजनहरूले पक्कै लामो सास फेरेर सन्तोष प्रकट गरे होलान्। निर्वाचनमा कोही जित्ला वा कोही हार्ला। कतै अन्तर्घात होला। कतै तालमेल होला। राजनीतिमा यस्ता खेल, झेल आदि इत्यादि त भइहाल्छ। अर्थात्, टिम गगन अहिलेसम्म पूरै सफल देखियो।

कांग्रेस नेताहरू गालीगलौज, आरोपप्रत्यारोपमा लागेका पनि छैनन्। यो उनीहरूको आत्मविश्वास बढ्नुको लक्षण हुनसक्छ। त्यसो त विगतमा पनि अरू पार्टीहरूका तुलनामा कांग्रेसहरू अपेक्षाकृत शालीन नै हुन्थे। लाग्छ, टिम गगनले नेपाली कांग्रेसको ऐतिहासिक भूमिका, राष्ट्रियता र लोकतन्त्रप्रतिको दायित्व र राष्ट्रिय यथार्थलाई आत्मसात् गरेको छ। यद्यपि, यसमा अहिले नै उत्तीर्ण घोषित गर्नु हतार हुनसक्छ।

**बहुमत मुस्किल तर स्वीकार्य हुनसक्छ कांग्रेस**

नेपाली कांग्रेसले सभापति गगनकुमार थापालाई भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरेको छ। उनी चुनावका लागि पुरानो निर्वाचन क्षेत्र छाडेर मधेस गएका छन्। सम्भवतः यही कारणले पनि गगन र उनको टिम बढी संयमित र जिम्मेवार देखिन थालेको हो। दलहरूले दाबी गर्नु बेग्लै हो अहिलेको निर्वाचन प्रणालीमा जनसंख्याको सही प्रतिनिधित्व हुनसक्छ तर कुनै दलले बहुमत ल्याउन निकै मुस्किल देखिन्छ कम्तीमा नेपाली कांग्रेस र नेकपा (एमाले) अस्तित्वमा रहँदासम्म। यसैले निर्वाचनपछि देशलाई नेतृत्व दिन स्वीकार्य नेता र दल चाहिन्छ। चुनावी अभियानको लक्षण हेर्दा एमाले र विशेषगरी अध्यक्ष खड्गप्रसाद शर्मा ओली र राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरू वादी र प्रतिवादीजस्ता देखिन्छन्। हुनत, राजनीतिमा आवश्यकता र अवसरले जस्लाई जे पनि बनाउँदो रहेछ तर एमाले तथा रास्वपाबीचको बढ्दो कटुता हेर्दा यी दुई मिलेर सरकार बनाउन पक्कै सजिलो हुँदैन। नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहालले 'जादू' गर्न सक्छन् तर उनलाई पनि सहजै स्वीकार्न भने एमाले तयार होलाजस्तो देखिँदैन।

कांग्रेस र एमालेबाहेक सरकार बन्ने भयो भने पनि हर्क साम्पाङ र कुलमान घिसिङहरू रास्वपाको नेतृत्व स्वीकार गर्न तयार नहुने सम्भावना नै धेरै छ। र सामाजिक सञ्जालमा विदेशमा बस्नेहरूको उरन्ठेउला टिप्पणी सबै मतमा परिणत पनि हुँदैन। निर्वाचनपछि एमाले र कांग्रेसछाडेर सरकार बनाउन चमत्कारै हुनुपर्छ। त्यसो नभएमा गगनको नेतृत्व मधेसवादी एमाले, नेपाली कम्युनिस्ट, हर्क, कुलमान सबैका लागि स्वीकार्य हुनसक्छ। यही बुझेर पनि गगन र उनको टिम बढी जिम्मेवार र शालीन भएका हुनुपर्छ।

**कांग्रेसको मताधार**

नेपाली कांग्रेसको मत जनसंख्या वृद्धिका अनुपातमा बढेको त देखिँदैन तर खासै घटेको पनि छैन। यसपटक पार्टीमा विशेष महाधिवेशन गरेर नेतृत्व परिवर्तन गर्दा पनि विभाजनको कुनै सङ्केत नदेखिँदा पुराना मतदाता पक्कै उत्साहित भएका हुनुपर्छ। तिनीहरू मतदान केन्द्रमा पुगे भने रुखबाहेक अन्त भोट हाल्दैनन्। कांग्रेसका अधिकांश परम्परागत मतदाता पाका उमेरका छन्। उनीहरू मरेर जाने जति गए बाँचेकाहरू नेपालमै छन्। मुखर नहोलान् तर डिपफेक सामग्रीले तिनलाई विचलित गर्न पनि सक्दैन। यसैले समानुपातिकमा मत पक्कै घट्दैन। अर्थात्, कांग्रेस सके पहिलै नभए दोस्रो त पक्कै हुन्छ। अर्थात्, देशको नेतृत्वका लागि टिम गगन तयार रहनुपर्छ।

चुनाव पहिले कुनै दलले पनि गठबन्धन गरेका छैनन्। चुनावपछि संयुक्त सरकार अपरिहार्यजस्तै देखिन्छ। त्यतिबेला को कोसँग मिल्नुपर्छ अहिले ठोकुवा गर्न सकिँदैन। यसैले कसैले पनि कटुता नबढाउनु बेस हुन्छ। कम्तीमा चुनावपछि कुरिकुरी नहोस्। चुनाव हो केन्द्रमा गठबन्धन नगरे पनि स्थानीय स्तरमा तालमेल यताउता भइहाल्छ। कोही पनि कसैको स्थायी शत्रु वा मित्र हुँदैन। विशेषगरी कांग्रेस, एमाले, राप्रपा, नेकपाजस्ता पुराना दलका चतुर खेलाडीहरूले चुनाव परिणाम फरक पार्ने तालमेल गर्न सक्छन्। र त्यसलाई अन्यथा पनि भन्न मिल्दैन।

**र अन्त्यमा**

राष्ट्रिय प्रजातन्त्र पार्टीका नेताहरू सार्वजनिकरूमा संघीयता स्वीकार गरे। मधेसी दलहरू, नेपाली कांग्रेस, नेकपा र एमालेका नेताहरू खुसी हुनुपर्छ। कम्तीमा अब त रास्वपाका नेताहरूले प्रदेशमा भोट नहाल्ने वा संघीयतालाई बोझ भन्ने ढोंग नदेखाउलान् नि ! मधेसलाई बलियो बनाउन उदार लोकतन्त्रको सिद्धान्तअनुसार जनसंख्याको आधारमा संसदीय प्रतिनिधित्वको ढाँचा अपनाउनुपर्छ। अनिमात्र मधेसमाथि न्याय हुन्छ। संघीयता अपनाई सकेपछि सिमसिमे राजाको पालाको जिल्लाको ढाँचा अनावश्यक र अन्यायपूर्ण छ। पहाडी राष्ट्रवादको दबदबा रहुन्जेल मधेसमाथि न्याय हुँदैन। र जनसंख्याका आधारमा प्रतिनिधित्व हुनेगरी संविधान संशोधन गर्ने विषयमा प्रतिबद्धता जनाउन 'मधेसका छाँडा'ले पक्कै सक्दैनन्। टोपीको खुकुरीसम्म बल्ल झिकेजस्तो देखिएको छ। त्यो खुकुरी पनि ढाका टोपीवाला राष्ट्रवादी पहिचान हो। चुनाव लाइन नपरेको भए अहिलेसम्म रहिरहन्थ्यो होला ! बाहखरीबाट

# खुलेन तीन जेष्ठ नागरिक हत्याको रहस्य, फेरि एकको 'शंकास्पद' मृत्यु

### पछिल्लो पटक गत आइतबार राति जिल्लाको खडक नगरपालिका–७ कल्याणपुरका ८५ वर्षका असर्फी साहको मृत्यु घटना पनि 'शंकास्पद' छ

**विधानन्द राम**

राजविराज, ११ माघ। सप्तरीको खडक नगरपालिका–५ खरचुहियामा एक जेष्ठ नागरिक दम्पतीको हत्या भएको ७ वर्ष भइसक्दा पनि अझै हत्यारा पत्ता लागेको छैन्। २०७५ फागुन १४ मा आफ्नै घरमा राति सुतिरहेका ७५ वर्षका सबुरी साह र उनकी ६५ वर्षकी श्रीमती बेचनीदेवीलाई जलाएर हत्या भएको थियो। बिहान मात्रै स्थानीयले थाहा पाएपछि प्रहरीलाई खबर गरेका थिए। उनीहरुको शरीर पूर्णरुपमा जलिसकेकाले इलाका प्रहरी कार्यालय कल्याणपुर, कडरबोना र जिल्ला प्रहरी कार्यालय तथा प्रदेश प्रहरी कार्यालयका विशेष अनुसन्धान टोलीले संयुक्त रुपमा अनुसन्धान थालेका थिए।









तत्कालीन एसपी राजेन्द्र विष्टले जलाएर हत्या भएको पुष्टि गर्दै तालिमप्राप्त कुकुरको सहायताले अनुसन्धान अघि बढाएका थिए। तर, ७ वर्ष भइसक्दा पनि प्रहरीले हत्यारा पत्ता लगाउन सकेका छैन् भने घटनाको कारणसम्म उजागर भएन। गत कात्तिक २ मा अज्ञात व्यक्तिको गोली प्रहारबाट जिल्लाको बोदे बर्साइन नगरपालिका–८ रजपट्टीमा ७० वर्षका रामदुलार दास (साह)को हत्या भयो। कबीर पन्थका अनुयायी रहेका उनी १०–१२ वर्षदेखि घर परिवारबाट अलगै आफ्नै जग्गामा बनाएको टिनाको सानो घरमा बस्दै आएका थिए भने छेउमा कबीर पन्थको प्रचारप्रसार गर्न केन्द्र (धार्मिक भवन) बनाउन लागेका थिए।

घरभन्दा करिब १०–१५ मिटरको दुरीमा उनलाई अज्ञात व्यक्तिले गोली प्रहार गर्दा घटनास्थलमै मृत्यु भएको थियो। उनीमाथि पछाडिबाट गोली चलाउँदा नाइटो छेउमा गोली लागेको थियो। घटनास्थलबाट २ थान खोकासमेत बरामद भएको थियो। त्यहाँ पनि तालिमप्राप्त

–बाँकी तीन पेजमा

## मुसहर समुदायको ...

वर्षअघि खुला दिसामुक्त घोषणा गर्न सिफारिस रोकिएपछि प्रहरी परिचालन गरी चुल्हो र देवताघरसँगै टाँसिएर बनाइएका चर्पीहरू अहिले प्रयोगविहीन अवस्थामा रहेको विकन परियोजनाका समूह नेतृत्वकर्ता इन्जिनियर कविन्द्र पुडासेनीले जानकारी दिए। उनका अनुसार लहान नगरपालिकामा १६ प्रतिशत अर्थात् चार हजार २०१ घरमा शौचालय छैन। सबैभन्दा बढी लहान नगरपालिका–२४ मा करिब पाँच सय घरपरिवार शौचालयविहीन भएर खुला दिसा गर्न बाध्य छन्।

लहान नगरपालिका, विकन परियोजनाअन्तर्गत वाटरएडको सहयोगमा चारवटा सामुदायिक शौचालय निर्माण गरिएको छ। तर जग्गाको अभाव, कमजोर आर्थिक अवस्था, शौचालयको फोहोर व्यवस्थापन, जनचेतना र शिक्षाको कमीका कारण खुला दिसामुक्त घोषणा गरिएको आठ वर्षमै समस्या देखिएको लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले स्वीकार गरे।

# ८३ वर्षीय महन्थ बने राष्ट्रिय सभा सदस्य

महन्थलाई पदीय लोभी नेता भनेर टिप्पणी हुन थालेको छ। कमजोर शारीरिक अवस्थाको कारण उनी आफैं उठबस र हिँडडुल गर्न सक्दैनन्।



**शैलेन्द्र महतो**

जनकपुर, ११ माघ। केही समय अघि जनता समाजवादी पार्टी (जसपा) मा समाहित भएका लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष महन्थ ठाकुर मधेशबाट राष्ट्रिय सभा सदस्यमा निर्वाचित भएका छन्। उनी अन्य कलस्टरतर्फ ७ हजार ७२५ मत ल्याएर राष्ट्रिय सभामा निर्वाचित भएका हुन्। उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार लक्ष्मण पौडेल १ हजार ८०५ मत पाएका छन्। उनी नेपाली कांग्रेस, नेकपा एमाले, जसपा र जनमत पार्टीको गठबन्धनबाट उम्मेदवार थिए। उनी प्रतिनिधि सभाका निवर्तमान सदस्य हुन्।

महोत्तरीको पिपरा गाउँपालिका–एकरहिया घर भएका ठाकुर मधेश राजनीतिका सबैभन्दा अनुभवी र उतार–चढावपूर्ण यात्राका साक्षी नेता मानिन्छन्। उनले २०७४ र २०७९ सालमा लोसपाबाट प्रतिनिधि सभा सदस्यका रूपमा महोत्तरी क्षेत्र नं. ३ बाट चुनाव जितेका थिए। २०७९ को निर्वाचनमा भने दोस्रो पटक प्रतिस्पर्धा गरेका उनी यसपटक राष्ट्रिय सभामा पुगेका छन्। तर प्रतिनिधिसभामा उनी अन्तिम पटक मत मागेका थिए। पुनः राष्ट्रिय सभा सदस्यमा भएपछि उनलाई पदीय लोभी नेता भनेर टिप्पणी हुन थालेको छ। कमजोर शारीरिक अवस्थाको कारण उनी आफैं उठबस र हिँडडुल गर्न सक्दैनन्।

विद्यार्थी कालमै नेपाली कांग्रेस निकट राजनीतिमा सक्रिय ठाकुरले पञ्चायती व्यवस्थाविरुद्धको आन्दोलनमा जेलनेलसमेत भोगे। २०३६ सालको बहुदलीय आन्दोलन र २०४६ सालको जनआन्दोलनमा उनको सक्रिय भूमिका रहयो। २०४८ सालमा नेपाली कांग्रेसबाट सर्लाही क्षेत्र नं. ५ बाट चुनाव जित्दै उनी पहिलो पटक संसदीय राजनीतिमा प्रवेश गरे। त्यही कार्यकालमा उपसभामुख बन्न सफल भए। २०५१ सालको मध्यावधि निर्वाचनमा पुनः सर्लाहीबाटै निर्वाचित भएपछि उनी मन्त्री बनेका थिए।

नेपाली कांग्रेसका कोषाध्यक्षसमेत रहिसकेका ठाकुरले कृषि, कानुन, विज्ञान तथा प्रविधि मन्त्रीको जिम्मेवारी सम्हाले। तर २०६४ सालमा कांग्रेस त्यागेर आफ्नै नेतृत्वमा तराई–मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) गठन गरे। पहिलो संविधानसभा निर्वाचन २०६४ मा सर्लाही क्षेत्र नं. ४ बाट चुनाव लडेका उनी मधेशी जनअधिकार फोरमका उम्मेदवार शिवपुजन यादवसँग पराजित भएका थिए। यद्यपि उनी मनोनित संविधानसभा सदस्य बने। दोस्रो संविधानसभा निर्वाचन २०७० मा पनि उनी कांग्रेसका उम्मेदवार अमरेश सिंहसँग हार व्यहोरे।संविधान घोषणाको संघारमा भएको छ महिनाको तेस्रो मधेश आन्दोलनमा ठाकुरले मधेशवादी दलहरूसँग मिलेर संयुक्त मधेशी मोर्चाको नेतृत्वदायी भूमिका खेले। आन्दोलनपछि मधेशमा मधेशवादी शक्तिप्रति सहानुभूति बढ्यो। २०७४ को निर्वाचनअघि उनले छ वटा दल एकीकृत गर्दै राष्ट्रिय जनता पार्टी (राजपा) नेपाल गठन गरे, जसमा तमलोपा, संघीय सद्भावना पार्टी, राष्ट्रिय मधेस समाजवादी पार्टी, मधेसी जनअधिकार फोरम (गणतान्त्रिक), सद्भावना पार्टी र तराई मधेश सद्भावना पार्टी समाहित भए। राजपामा चक्रिय प्रणालीबाट नेतृत्व चयन गरिन्थ्यो।

२०७४ को निर्वाचनमा राजपा र तत्कालीन संघीय समाजवादी पार्टीले राम्रो उपस्थिति जनाए। २०७७ मा यी दुई दल एकताबद्ध भई जनता समाजवादी पार्टी (जसपा) नेपाल बने। तर डेढ वर्षमै २०७८ मा पार्टी विभाजन गर्दै ठाकुरले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) गठन गरे। पछिल्लो समय फेरि जसपामा समाहित हुँदै उनी राष्ट्रिय राजनीतिमा पुनः केन्द्रमा आएका छन्। राजनीतिक यात्रामा उपप्रधानमन्त्री बन्ने अवसर पटक–पटक आए पनि उनले आफूभन्दा अन्य नेतालाई अघि सारे। राष्ट्रपतिको उम्मेदवारका रूपमा पनि उनको नाम पटक–पटक चर्चामा आयो। केपी शर्मा ओली नेतृत्वको सरकारले संसद् विघटन गर्दा कांग्रेसले उनलाई प्रधानमन्त्रीको प्रस्तावसमेत गरेको थियो।

तर, उनले ओलीसँग सहकार्य गरे, जसको परिणामस्वरूप त्यस सरकारमा राजेन्द्र महतो उपप्रधानमन्त्री बने। पछि सर्वोच्च अदालतको आदेशबाट कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त हुँदा ओली सरकार ढलेको थियो। यद्यपि ठाकुरमाथि परिवारवादको आरोप पनि लाग्ने गरेको छ। सम्धिनीलाई संविधानसभा सदस्य बनाएको, सम्धिलाई भागबण्डामा प्रदेश प्रमुख बनाएको तथा पछिल्लो निर्वाचनमा समानुपातिकतर्फ छोरीको नाम समावेश गराएको विषयमा उनी आलोचनामा पर्दै आएका छन्। यसपट महोत्तरी क्षेत्र नं. ३ मा उनले आफ्नो छोरीलाई उम्मेदवार उठाएको छ। लामो राजनीतिक अनुभव, निर्णायक क्षणमा खेल्ने भूमिका र निरन्तर विवादबीच पनि महन्थ ठाकुर मधेश र राष्ट्रिय राजनीतिका प्रभावशाली पात्रका रूपमा कायम छन्।

# पायल्सको अप्रेसन गर्दा युवतीको मृत्यु

**जनार्जन खत्री**

सर्लाही, ११ माघ। पूर्वपश्चिम राजमार्गस्थित सर्लाहीको लालबन्दी नगरपालिका–१, नवलपुरमा अवैध ढङ्कले सञ्चालित आयुर्वेद औषधालयले पायल्सको अप्रेसन गर्दा आइतबार दिउँसो एक युवतिको मृत्यु भएको छ। नवलपुर चोकदेखि उत्तरतर्फ रहेको मोहन आयुर्वेद औषधालयमा पायल्सको अप्रेसन गराउँदा लालबन्दी नगरपालिका –२, पुनर्वासका बिपिन्द्र पासवानकी छोरी १८ वर्षीया हङ्शु पासवानको मृत्यु भएको हो। अप्रेसनको क्रममा युवती अचेत भएपछि थप उपचारका लागि परिवारका सदस्य र आयुर्वेदका सञ्चालक तथा वैद्य रामविनय साहले नमूना अस्पताल हरिवन लगेका थिए।

त्यहाँ लग्दा चिकित्सकले युवतीलाई मृत घोषणा गरेको प्रहरीले जनाएको छ। आयुर्वेद औषधालयको लापरवाहीले युवतीको मृत्यु भएको भन्दै स्थानीयले आइतबार दिउँसो पूर्वपश्चिम राजमार्गस्थित नवलपुर चोकमा टायर बालेर प्रदर्शनसहित चक्काजाम गरेका छन्। प्रहरीले सम्झाइबुझाइ गरी आइतबार साँझबाट चक्काजाम खुलाएको छ। मृतक युवतीको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवा लगिएको छ। घटनापछि युवतिको पायल्सको अप्रेसन गर्ने रामविनय साहलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको इलाका प्रहरी कार्यालय लालबन्दीका प्रहरी निरीक्षक वीरेन्द्रसिंह जोहारीले जानकारी दिए।

लालबन्दी नगरपालिकाको स्वास्थ्य शाखाका अनुसार मोहन आयुर्वेद औषधालय अवैध रुपमा सञ्चालित छ। नगरपालिकाको स्वास्थ्य शाखाका प्रमुख मुमताज मिकरानीले यो औषधालय सञ्चालनका लागि नगरपालिकाबाट कुनै अनुमति नलिइएको जानकारी दिए। लालबन्दी नगरपालिका –२ का वडाध्यक्ष किरणकुमार पासवानले नवलपुर चोकमा अवैद्य स्वास्थ्य संस्थाले यसरी धेरै बिरामीको अकालमै ज्यान लिइरहेको बताए। केही समयअघि नवलपुर चोकमा रहेको एक स्वास्थ्य संस्थाले सामान्य बिरामीलाई समेत प्लाष्टर गरेर महँगो शुल्क असुलेको विषयमा गुनासो आएपछि नगरपालिकाको टोली अनुगमनमा जाँदा विवाद भएको थियो।

पूर्व मुख्यमन्त्री सतीशकुमार सिंहले गत वर्ष नवलपुरमा रहेका अवैद्य स्वास्थ्य अनुगमन गरी बन्द गराएको थियो। अहिले फेरि अवैद्य स्वास्थ्य संस्था खुलेर सञ्चालनमा छन्।

# प्रतिनिधिसभा चुनावलाई लक्षित गर्दै संयुक्त निर्वाचन सञ्चालन केन्द्र स्थापना

काठमाडौं, ११ माघ। निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य चुनावलाई लक्षित गर्दै संयुक्त निर्वाचन सञ्चालन केन्द्र सञ्चालनमा ल्याएको छ। आयोगको कार्यालयमा आज एक कार्यक्रमबीच कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले केन्द्रको शुभारम्भ गरेको हो। उनले चुनावका क्रममा कुनै पनि निर्वाचन क्षेत्रमा देखिन सक्ने समस्या तत्काल पहिचान गरि समाधान गर्ने गरि सक्रिय रूपमा काम गर्ने उद्देश्यले केन्द्रको स्थापना गरिएको बताए।

भण्डारीकाअनुसार स्थानीय स्तरमै समाधान हुन नसक्ने समस्या आएमा संयुक्त निर्वाचन सञ्चालन केन्द्रले सबै पक्षसँग समन्वय र सहकार्य गरि समस्याको समाधान गर्नेछ। केन्द्रमार्फत चुनाव अवधिभर उत्पन्न हुन सक्ने सुरक्षा चुनौतीको मूल्याङ्कन, जनशक्ति तथा स्रोत–साधनको परिचालन, सूचनाको आदानप्रदान र समन्वयात्मक निर्णय प्रक्रिया सञ्चालन हुने उनको भनाइ छ। आयोगका सचिवको नेतृत्वमा रहने केन्द्रमा गृह मन्त्रालयका सहसचिव, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका अधिकृत सदस्य रहने व्यवस्था छ।

# फागुन ७ मा जनकपुरमा कांग्रेसको आमसभा

काठमाडौं, ११ माघ। नेपाली कांग्रेसले फागुन ७ गते जनकपुरमा आमसभा गर्ने भएको छ। प्रजातन्त्र दिवसको अवसरमा कांग्रेसले जनकपुरमा सभा गर्न लागेको प्रवक्ता देवराज चालिसेले जानकारी दिए। 'त्याग र समर्पणको पवित्र भूमि– शहीद नगरी जनकपुरधाममा ऐतिहासिक आमसभा, नेपाली कांग्रेसका केन्द्रीय सभापति गगनकुमार थापालगायत केन्द्रीय नेताहरूबाट सम्बोधन हुने विशेष आमसभा प्रजातन्त्र दिवस फागुन ७ गते तय गरिएको छ,' उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्। यसअघ माघ १६ गते गर्ने भनेको कांग्रेसको सभा निर्वाचन आचारसंहिताका कारण स्थगित भएको थियो।

## खुलेन तीन...

कुकुरको सहायताले अनुसन्धान सुरु गरिएपनि हत्यारा भने अझै पत्ता लागेन। पछिल्लो पटक गत आइतबार राति जिल्लाको खडक नगरपालिका–७ कल्याणपुरका ८५ वर्षका असर्फी साहको शंकास्पद मृत्यु घटना पनि रहस्यमय छ। राति आफ्नै घरमा सुतिरहेका साह भोलिपल्ट मृत फेला परेका थिए। उनको मृत्यु शंकास्पद देखिएपछि त्यहाँ पनि प्रदेश प्रहरी कार्यालयबाट तालिमप्राप्त कुकुर झिकाएर अनुसन्धान थालिएको छ।

तर, एक साता बित्न लाग्दा पनि घटनाको रहस्य खुल्न सकेको छैन्। जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी डम्बरबहादुर पुरीले पोस्टमार्टम रिपोर्ट आएपछि स्पष्ट हुने बताए। 'प्रारम्भिक चरणमा हामीले मृतक साहका छोराहरु र परिवारका अन्य सदस्यसँग सोधपुछ गरेका छौं,' उनले भने, 'थप अनुसन्धान भइरहेको छ।' सम्पन्न परिवारका मृतक साहका प्रभुनाथ, विश्वनाथ र जोगेन्द्र गरी ३ छोरा छन्। मृतक साह कान्छो छोरा जोगेन्द्रसँग बस्दै आएका थिए।

## राष्ट्रिय सभा ...

ठाकुरले ७ हजार ७ सय २५ मत ल्याई विजयी भए। उनका प्रतिद्वन्दी नेकपाका लक्ष्मण पौडेलले १ हजार ८ सय ५मत ल्याए। दलित क्लस्टरमा कांग्रेसका धर्मेन्द्र पासवान विजयी भएका छन्। पासवानले ७ हजार ९०४ मत ल्याए। उनका प्रतिद्वन्द्वी नेकपाका रामानन्द प्रसादले १ हजार ३७६ मत ल्याए।

## रास्वपा बारा–३...

देश परिवर्तनका लागि इमानदार र कर्मशील व्यक्तिहरूको सहभागिता आवश्यक रहेको धारणा राखे। अधिकारीको पार्टी प्रवेशले उज्यालो नेपाल पार्टीलाई थप सशक्त बनाउने विश्वाससमेत उनले व्यक्त गरे।

## सिरहामा ऐलानी...

कार्यान्वयन गराउन् भनेर पत्र काटेको थियो। प्रहरी गएर आज सम्झाइबुझाइ गरेर फर्कंदा त्यो मान्छे लडेको अवस्था हो।' अहिले त्यहाँ स्थानीयले राजमार्ग नै अवरुद्ध पारेर प्रदर्शन गरिरहेका छन्। प्रहरीले जबरजस्ती जग्गा खाली गराउने क्रममा मृत्यु भएको पीडित पक्षको आरोप छ।

केही छिमेकी व्यक्तिहरूले प्रहरी प्रशासनलाई रकमको प्रलोभनमा पारेर शेखलाई जग्गाबाट हटाउन खोज्दा धक्का–मुक्की भएको र सोही क्रममा उनको मृत्यु भएको स्थानीयको आरोप छ। राजमार्ग अवरुद्ध हुँदा अहिले यात्रुहरू बाटोमा अलपत्र परेका छन्। तर जग्गा खाली गराउने विषयमा आफूलाई प्रहरी वा अदालतबाट कुनै पत्र नआएको र जानकारी समेत नभएको सो नगरपालिकाका प्रमुख भोला पोखरेलले बताए।

'जग्गाको विषयमा नगरपालिकालाई जानकारी गराउनुपर्थ्यो। मलाई कुनै जानकारी छैन,' उनले भने। त्यस्तै, वडाध्यक्ष सागिर मिया शेखले पनि यसबारे आफूलाई प्रशासनले कुनै जानकारी नगराएको बताए।

# भोटका नारा गुञ्जिरहँदा कविर कुटीमा रोइरहेका मोती

कविर कुटीका साथीहरूको सहयोग र केही मानवीय संवेदना जुटेपछि २०८२ असार ३ गते ४० हजार रुपैयाँमा पहिलो शल्यक्रिया त भयो । तर, उनको उपचार अझै अधुरो छ ।



**सुरेश राय**

सिरहा, ११ सिरहा । सिरहाका चारवटै निर्वाचन क्षेत्रमा अहिले चुनावको माहोल छ । दलका उम्मेदवारहरु गाउँ–गाउँ पस्दै भोट बटुल्न तँछाडमछाड गरिरहेका छन् । उनीहरु भन्छन् 'गरिब–असहायको आँसु पुछ्नेछौं । विपन्नका लागि काम गर्नेछौं ।' यो चुनावी कोलाहलबाट केही टाढा गोलबजार नगरपालिका–७ पुरानो चोहर्वाको एक शान्त कुनामा ७२ वर्षीय मोती महतो भने स्वास्थ्यको संवैधानिक हकबाट बन्चित भएभैं आँसु पुछिरहेका छन् । भोट माग्नेहरूको लर्को उनी बसेको कबिर कुटी नजिकैबाट गुज्रिन्छ, तर उनको पीडा सुन्न कसैको पाइला रोकिँदैन ।

**कविर कुटीको संसार**

खोलाको डिलमा रहेको जिम्दार टोलबाट चार वर्षअघि कविर कुटी (आश्रम)मा बस्न थालेका उनका लागि अहिले त्यही कुटी नै संसार बनेको छ । अविवाहित जीवन, रित्तो गोजीसँगै विगत तीन वर्षदेखि हर्नियाको असह्य पीडासँग जुधिरहेका छन् मोती । पीडाले थलिएको शरीर र ओभानो हुन नपाएका आँखा बोकेर उनी प्रश्न गर्छन्, 'आखिर म पनि यो देशको नागरिक होइन र ?' उनको स्वर भारी हुन्छ, 'चुनाव आउँछ, नेताहरू आउँछन् । घरदैलोमा भोट माग्छन्, गरिबको दुःख बुझ्छौं भन्छन् । भोट लिएर जितेपछि सिधै काठमाडौं पस्छन् । फेरि फर्केर पनि हेर्दैनन् ।'

**उपचार खर्च अभाव**

उनका अनुसार तीन वर्षअघि चिकित्सकले उनलाई भनेका थिए– हर्नियाको शल्यक्रिया गर्नुपर्छ ।' तर, लागत सुनेपछि मोती फसिकए । करिब एक लाख रुपैयाँ खर्च लाग्ने खबर उनका लागि सपनाभन्दा बाहिरको कुरा थियो । कविर कुटीका साथीहरूको सहयोग र केही मानवीय संवेदना जुटेपछि २०८२ असार ३ गते ४० हजार रुपैयाँमा पहिलो शल्यक्रिया त भयो । तर, उनको उपचार अझै अधुरो छ । चिकित्सकले एक वर्षपछि पुनः शल्यक्रिया गर्नुपर्ने भनेको उनी बताउँछन् ।

'अब कसरी गराउने ?' मोतीको यो प्रश्नको उत्तर दिन आजसम्म कुनै नेता–कार्यकर्ता उनको कुटीमा पुगेका छैनन् । कुनै बेला शरीर बलियो हुँदा मोती गाउँका हुनेखानेका गाई–भैंसी चराउँथे । पसिनाले भिजेको दिनचर्या नै उनको बाँच्ने आधार थियो । तर आज समय बदलिएको छ । उनका हात काँप्छन्, खुट्टा लुला हुँदै गएका छन् । पेटको दुखाइले उठबस गर्न दिँदैन । अब उनी पूर्ण रूपमा कुटीका साथीहरूको भरमा छन् ।

सिरहाका सडकहरू चुनावी पर्चा र झन्डाले रँगिएका छन् । नेताहरू जनताको भविष्य लेख्ने दाबी गरिरहेका छन् । तर, कविर कुटीको एउटा कुनामा बसेर मोती महतो आज पनि निरुपाय देखिन्छन् । मोतीको अवस्था नजिकबाट नियालेका कविर कुटीमै बस्दै आएका ६७ वर्षीय पैतराम महतो आक्रोश पोख्छन्, 'भाषण गर्ने होइन, हामी वृद्धवृद्धालाई हेर्ने नेता चाहियो । चिसोमा ओढ्ने कपडा र बिरामी पर्दा सोध्ने मान्छे चाहियो । हामीलाई सहारा चाहिएको हो ।'

मोती महतोसँग नागरिकता छ । कानुनको पानामा उनी यो देशको पूर्ण नागरिक हुन् । तर, व्यवहारमा उनी राज्यका लागि 'अदृश्य' सरह छन् । उनी लामो सास फेर्दै भन्छन्, 'नेतालाई हाम्रो भोट चाहिँ चाहिन्छ, तर दुःखमा कसैले सोध्दैन । कहिले बन्छ हाम्रो सरकार ?'

# महान्यायाधिवक्तालाई सर्वोच्चको आदेश

## लामिछानेको मुद्दामा फेला परेका थप प्रमाण र कागजात पेस गर्नू

काठमाडौं, ११ माघ । सर्वोच्च अदालतले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेविरुद्ध लगाइएका 'सम्पत्ति शुद्धीकरण' र 'सङ्गठित अपराध' सम्बन्धी मुद्दामा फेला परेको भनिएका थप प्रमाण र कागजात पेश गर्न महान्यायाधिवक्ताको कार्यालयलाई आदेश दिएको छ । सर्वोच्चका न्यायाधीशद्वय डा.मनोजकुमार शर्मा र श्रीकान्त पौडेलको संयुक्त इजलासले आइतबार (माघ ११) मा भएको सुनुवाईपछि उक्त आदेश दिएको हो ।

सुनुवाइका क्रममा महान्यायाधिवक्ता सविता भण्डारी बराललले लामिछानेविरुद्ध अभियोगपत्र दायर भएपछि थप प्रमाण कागज फेला परेकाले मुद्दा संशोधन प्रक्रियामा लैजान मातहत सरकारी वकिललाई निर्देशन दिइएको । जिकिर गरेकी थिइन् । महान्यायाधिवक्ता कार्यालयले मुद्दा संशोधनका लागि गरेको निर्णय अवैध रहेको दाबीसहित वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, सिन्धुलीका युवराज पौडेल सफल र कानुनका विद्यार्थी आयुष बडाललगायतलेस सर्वोच्चमा रिट दिएका थिए । अब यो विवादमा महान्यायाधिवक्ताबाट थप कागज प्रमाण प्राप्त भएपछि मात्र अन्तरिम आदेशबारे टुंगो लाग्ने छ । यसअघि सर्वोच्चका न्यायाधीश अब्दुल अजिज मुसलमानको एकल इजलासले महान्यायाधिवक्तासँग लिखित जवाफ माग गर्दै अन्तरिम आदेशका लागि छलफलमा डाकेको थियो । लामिछानेविरुद्ध लगाइएका 'सम्पत्ति शुद्धीकरण' र 'संगठित अपराध' अभियोग संशोधन निर्णय रोक्न माग राखेर सर्वोच्चमा रिट दिएका थिए । महान्यायाधिवक्ता सविता भण्डारीले गत पुस ३० गते कास्की, काठमाडौं, रुपन्देही र पर्सा जिल्ला अदालतमा दर्ता भएका 'संगठित अपराध' र 'सम्पत्ति शुद्धीकरण' सम्बन्धी अभियोगपत्र संशोधन गर्ने निर्णयपछि वैधताको प्रश्न उठाउँदै सर्वोच्चमा रिट परेको हो ।

लामिछानेविरुद्ध काठमाडौं, पर्सा, रुपन्देही र कास्की जिल्ला अमदालतमा ति मुद्दा विचाराधीन छन् । चितवन जिल्ला अदाअअअलमा भने लामिछानेविरुद्ध सहकारी ठगी मुद्दा मात्र छ ।

# वडा अध्यक्षसहित चारजनाविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं, ११ माघ । बाराको कलैया उपमहानगरपालिका वडा नं. ३ का तत्कालीन वडा अध्यक्ष जलालुदिन मंसुरसहित चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार उनीहरुविरुद्ध बाराको साविक भतौडा गाविस वडा नं. २ को कित्ता नं. २८९ र २९० को जग्गा खरिद बिक्री गर्दा गलत लिखत तयार गरी तराइ घर–बाटो भएकोमा नभएको भनी थैली रकम कम राखी राजस्व रकम हिनामिना गरेको आरोप लागेको छ ।

तत्कालीन वडा अध्यक्ष मन्सुरसहित तत्कालीन वडा सचिव रघुप्रसाद गोढीविरुद्ध जग्गा खरिदकर्ता र जग्गा बिक्रीकर्तासमेतको आपसी मिलेमतोमा आफू समेतका प्रतिवादीहरुलाई लाभ र नेपाल सरकार तथा सार्वजनिक संस्थालाई हानि पुऱ्याउने बदनियतले ६ लाख ९४ हजार ६५१ रुपियाँ हिनामिना गरेको आरोप लागेको छ । यसैगरी, जग्गा बिक्रीकर्ता रौफ मिया मन्सुरविरुद्ध तीन लाख ७७ हजार रुपियाँ र जग्गा खरिदकर्ता हिरालाल प्रसादविरुद्ध तीन लाख १७ हजार ६५१ रुपियाँ भ्रष्टाचार मुद्दा दायर भएको आयोगको विज्ञप्तिमा उल्लेख छ । भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कैद र जरिवाना हुन मागदाबी लिई आइतबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर भएको आयोगले जनाएको छ ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो ।

# सिराहामा नौ पूर्वमन्त्री चुनावी मैदानमा

लहान, ११ माघ । आगामी फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनमा सिराहाका चार वटै निर्वाचन क्षेत्रमा मन्त्री भइसकेका आठ जना विभिन्न दलबाट चुनावी मैदानमा प्रतिस्पर्धाका लागि उत्रिएका छन् । सबैभन्दा बढी सिराहा क्षेत्र नं. ४ मा चार जना पूर्वमन्त्री प्रतिस्पर्धामा उत्रिएका हुन् । सिराहा निर्वाचन क्षेत्र नं. १ मा नेपाली कम्युनिस्ट पार्टीबाट पूर्वसामान्य प्रशासनमन्त्री रामचन्द्र यादव र राष्ट्रिय स्वतन्त्र पार्टीबाट वर्तमान सरकारमा युवा तथा खेलकुदमन्त्री भएका बब्लु गुप्ता प्रतिस्पर्धाका लागि चुनावी मैदानमा हुन् ।

सिराहा निर्वाचन क्षेत्र नं. ३ बाट नेकपा (एमाले) का तर्फबाट पूर्वकानुन, न्याय तथा संसदीय व्यवस्थामन्त्री लीलानाथ श्रेष्ठ, नेपाली कम्युनिस्ट पार्टीबाट पूर्वशान्ति तथा पुनर्निर्माणमन्त्री विश्वनाथ साह प्रतिस्पर्धाका लागि चुनावी मैदानमा हुन् । सिरहा निर्वाचन क्षेत्र नं. ४ मा जनता समाजवादी पार्टी नेपालबाट पूर्वसूचना तथा सञ्चारमन्त्री राजकिशोर यादव, नेपाली कम्युनिस्ट पार्टीबाट पूर्वन्याय तथा कानुनमन्त्री अजयशंकर नायक, नेकपा (एमाले) बाट पूर्वसामान्य प्रशासनमन्त्री धर्मनाथप्रसाद साह, जनमत पार्टीका तर्फबाट पूर्ववन तथा वातावरणमन्त्री बिसेन्द्र पासवान प्रतिस्पर्धामा हुन् ।

# रौतहटको जयनगरमा फर्निचर मेला : उपभोक्ता र व्यवसायी आकर्षित



रौतहट, ११ माघ । यहाँस्थित गरुडा नगरपालिका–१ जयनगरमा काठ तथा फलामका सामग्रीको फर्निचर मेला जारी रहेको छ । श्रीपञ्चमीको अवसर पारेर शुक्रबारदेखि थालिएको सो मेलामा घरायसी प्रयोजनका काठका फर्निचरका साथै कृषिसँग सम्बन्धित फलामका विभिन्न सामग्री बिक्रीका लागि राखिएका छन् । मेला दुईमहिनासम्म जारी रहने छ । विसं २०६५ देखि निरन्तर रूपमा आयोजना हुँदै आएको यो मेला हरेक वर्ष सञ्चालन हुँदै आइरहेको छ । ग्रामीण क्षेत्रमा लाग्ने यो मेला आकार, व्यापार र सहभागिताका हिसाबले देशकै ठूलो ग्रामीण फर्निचर मेलाका रूपमा परिचित हुँदै गएको नेपाल विश्वकर्मा लोहार संघका अध्यक्ष विवेक शर्माले बताए ।

मेलामा पलङ, डाइनिङ सेट, कुर्सी, खाट, खटिया, चारपाई, बेञ्च, ढोका, टेबल, ड्रेसिङ टेबल, झ्याल, दराज, बालबालिकाका खेलौनालगायत घरायसी प्रयोगका प्रायः सबै प्रकारका काठका फर्निचर उपलब्ध छन् । त्यसैगरी फलामका कोदालो, हँसिया, कुटो, बञ्चरो, खुकुरीलगायत सामग्री पनि बिक्रीका लागि राखिएको उहाँले जानकारी दिए । मेलामा रौतहट, सर्लाही, महोत्तरी, बारा, पर्सालगायत विभिन्न जिल्लाका दुई सयभन्दा बढी फर्निचर व्यवसायीले आफ्ना सामग्री बिक्रीका लागि ल्याएका छन्भने फर्निचर आउने क्रम अझै जारी रहेको अध्यक्ष शर्माले बताए । मेलामा नेपालका विभिन्न स्थानबाट मात्र नभई भारतको बिहार प्रान्तबाट समेत उपभोक्ता तथा व्यापारी आएर घरायसी प्रयोग र पुनः बिक्रीका लागि फर्निचर खरिद गर्ने गरेको उहाँले जानकारी दिए ।

जयनगर फर्निचर मेलामा अन्य स्थानको तुलनामा २५ प्रतिशतभन्दा बढी सस्तोमा फर्निचर उपलब्ध हुने र आफ्नै काठ प्रयोग गरी स्थानीय सीप र श्रमबाट फर्निचर निर्माण गरिने भएकाले मूल्य तुलनात्मक रूपमा सस्तो पर्ने अध्यक्ष शर्माको भनाइ छ । विवाहमा दाइजोका लागि फर्निचर खरिद गर्नेहरू तथा सस्तो र गुणस्तरीय सामान खोज्ने उपभोक्ताको पहिलो रोजाइ यो मेला बनेको छ । मेलाबाट रौतहट, सर्लाही, बारा, पर्सा, धनुषा, काठमाडौं, पोखरा, विराटनगर, जनकपुरलगायत नेपालका विभिन्न भाग तथा भारतको बिहार प्रान्तका सीतामढी, पूर्वी चम्पारण, मुजफ्फरपुर र पटनासम्म फर्निचर ढुवानी हुँदै आएको उनले जानकारी दिए । यातायातको सहज पहुँच, गुणस्तरीय सामग्री र सस्तो मूल्यका कारण जयनगरको फर्निचर मेला उपभोक्ता र व्यवसायी दुवैका लागि आकर्षणको केन्द्र बन्दै गएको उनको दाबी छ ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद ढंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३-५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)